# नेपाल दूरसञ्चार प्राधिकरण
# उपभोक्ता बुलेटिन
**(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को कार्यान्वयनको लागि प्रकाशित)**

**अंक २** **चैत्र, २०७८**




**<u>प्रकाशन तथा सम्पादन</u>**
उपभोक्ता हित संरक्षण महाशाखा
उपभोक्ता हित संरक्षण शाखा
नेपाल दूरसञ्चार प्राधिकरण
जमल, काठमाडौँ।

## श्री नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष तथा सदस्यहरु

श्री पुरुषोत्तम खनाल - अध्यक्ष

श्री चुडामणी चौलागाई – सदस्य

श्री टेकनाथ आचार्य – सदस्य

श्री हेम कुमार श्रेष्ठ – सदस्य

श्री राममणि दुवाडी – सदस्य

# सम्पादक समूह

श्री अर्जुन घिमिरे – निर्देशक

श्री प्रतिमा घिमिरे – उप निर्देशक

श्री सुनिता पाण्डे – सहायक निर्देशक

श्री सागर कुमार भट्टराई – सहायक निर्देशक

श्री सबिता ज्ञवाली – सहायक निर्देशक

# सम्पादकीय

नेपाल दूरसञ्चार प्राधिकरणलाई दूरसञ्चार ऐन,२०५३ ले दूरसञ्चार सेवालाई भरपर्दो र सर्वसुलभ बनाउन र त्यस्तो सेवालाई नियमित र व्यवस्थित बनाउने जिम्वेवारी सुम्पिएको छ ।ऐनले दूरसञ्चार सेवाका उपभोक्ता (ग्राहक) लाई दिएको सेवाको शुल्क तोक्ने, गुणस्तर निर्धारण गर्ने, सहजीकरण गर्ने तथा अनुगमन गर्ने जस्ता कार्य प्राधिकरण लाई प्रदान गरेको छ ।

सूचनाको हकको कार्यान्वयन गरी पारदर्शिता कायम गर्न प्राधिकरण दृढ संकल्पित रहेको छ ।आफ्ना काम कारवाही, उपलब्धी र भए/गरेका गतिविधि समेटी यहि आ.ब. देखि चौमासिक रुपमा बुलेटिन प्रकाशित हुँदै आएको छ ।सूचनाको हक सम्बन्धी ऐन,२०६४ बमोजिम  नेपाल दूरसञ्चार प्राधिकरणले चौमासिक रुपमा उक्त व्यवस्था अनुसार नेपाल दूरसञ्चार प्राधिकरणबाट सम्पादित प्रत्येक चौमासिक अवधिको मुख्य मुख्य क्रियाकलापहरुको विवरण प्रकाशन गर्दै आएको ।

सूचना प्रविधिमा भएको विकासका कारण यस क्षेत्रमा धेरै अवसर तथा चुनौती दुवै थपिएका छन् । यसको प्रयोगबाट प्राप्त हुने सकारात्मक प्रभावलाई वृद्धि गर्ने र नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने सम्बन्धमा प्राधिकरण सचेत छ । देशभर दूरसञ्चार सेवाको पहुँच वृद्धि गर्दै यसलाई सुलभ र सहज बनाउन प्राधिकणले भूमिका खेलेको छ । दूरसञ्चारको क्षेत्रलाई  विकास, विस्तार र व्यवस्थित गर्न दूरसञ्चार ऐन,२०५३ दूरसञ्चार नियमावली,२०५४ तथा सम्बन्धीत नीतिहरुको कार्यान्वयन गर्दै आएको छ ।यस क्षेत्रमा विकसित नवीनतम प्रविधिले सिर्जित अवसरको अधिकतम उपयोग गर्ने गराउने वातावरण तयार गर्दै आएको छ ।दूरसञ्चार क्षेत्रमा आएको चुनौतिको सामना गर्न उपलब्ध स्रोत, साधन तथा प्राप्त अधिकारको अधिकतम उपयोग गरी दूरसञ्चारको सेवालाई भरपर्दो र सर्वसुलभ बनाउन तथा त्यस्तो सेवालाई नियमित र व्यवस्थित गर्ने उद्देश्य प्रति प्राधिकरण सदैब सजग र सचेत रहनेछ ।

## पृष्ठभूमि :

आम उपभोक्तालाई मध्यनजर गर्दै दूरसञ्चार सेवालाई भरपर्दो, सर्वसुलभ र बिस्वासनीय बनाउन, दूरसञ्चार सेवामा निजी क्षेत्रलाई समेत संलग्न गराउनु र त्यस्तो सेवालाई नियमित र व्यबस्थित गराई आम उपभोक्तालाई दूरसञ्चार सेवा उपलब्ध गराउन दूरसञ्चार ऐन बनाईएको हो । दूरसञ्चार ऐन,२०५३ को दफा १३ मा नेपाल दूरसञ्चार प्राधिकरणको काम, कर्तब्य र अधिकार उल्लेख गरेको छ जुन देहाय बमोजिम रहेको छ ।

### दूरसञ्चार ऐन,२०५३ को दफा १३ ले प्राधिकरणलाई सुम्पिएको कार्यहरू :

क. दूरसञ्चार सेवाको विकासको लागि नेपाल सरकारले अपनाउनुपर्ने नीति, योजना र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने |

ख. दूरसञ्चार सेवा तथा सुविधालाई सर्वसुलभ र भरपर्दो बनाउने |

ग. आधारभूत दूरसञ्चार सेवा र सुविधा नेपाल राज्यभर शहरी तथा ग्रामीण सबै क्षेत्रमा पुऱ्याउन आवश्यक व्यवस्था गर्ने |

घ. दूरसञ्चार सेवा संचालनमा स्वदेशी तथा विदेशी निजी क्षेत्रका लगानीकर्ताहरुलाई सहभागी बनाउने |

ङ. दूरसञ्चार सेवा र सुविधा सर्वसाधारण सबैलाई उपलब्ध गराउन त्यस्तो सेवा र सुविधा प्रदान गर्ने व्यक्तिहरु बीच सामान्य र स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने |

च. दूरसञ्चार सेवा र दूरसञ्चार सम्बन्धी यन्त्र तथा उपकरणहरुको स्तर तोक्ने, गुणस्तर निर्धारण गर्ने तथा स्वीकृत गर्ने |

छ. दूरसञ्चार सेवालाई नियमित र व्यवस्थित गर्ने |

ज. दूरसञ्चार सेवा संचालन गर्न अनुमतिपत्र दिने |

झ. अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा उपलब्ध गराए वापत लिने शुल्क स्वीकृत र नियमित गर्ने |

ञ. रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिद्वारा निर्धारित नीति अनुरुप फ्रिक्वेन्सी सम्बन्धी काम गर्ने |

ट. दूरसञ्चारको  क्षेत्रमा नयाँ प्रविधिको विकास तथा उपयोगबारे अनुसन्धान गर्ने, गराउने |

ठ. दूरसञ्चार क्षेत्रको लागि दक्ष जनशक्ति विकास गराउने |

ड. उपभोक्ताहरुको हकहितको संरक्षण हुने गरी दूरसञ्चार सेवाको विकास र विस्तार गर्ने, गराउने |

ढ. दूरसञ्चार सम्बन्धमा नेपाललाई अन्तर्राष्ट्रिय ट्रान्जिटको रुपमा विकास गर्ने, गराउने |

ण. दूरसञ्चार सेवाको विकास र प्रवर्द्धनको लागि आवश्यक र उपयुक्त अन्य काम गर्ने |

### दूरसञ्चार ऐन, २०५३ ले प्राधिकरणलाई प्रदान गरेको अधिकारहरू :

क. दूरसञ्चार सम्बन्धी यन्त्र, उपकरण तथा सुविधाहरुको गुणस्तर निर्धारण गर्ने ।

ख. सरकारी नीति निर्देशनलाई ध्यानमा राखी अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश वा निर्देशन दिने

ग. दूरसञ्चार सेवा प्रदायकहरु बीच र सेवा प्रदायक र ग्राहक बीच पर्ने विवाद समाधान गर्ने |

घ. दूरसञ्चार सेवाको निरीक्षण र जाँचबुझ गर्ने |

ङ. अनुमतिपत्र जारी, नवीकरण, खारेज, संशोधन गर्ने एबं दण्ड जरिवाना गर्ने |

च. सेवा प्रदायकलाई आवश्यक पर्ने विदेशी मुद्रा सटहीको सिफारिश गर्ने |

छ. क्षतिपूर्ति निर्धारण गर्ने |

ज. सेवा प्रदायकलाई अरुको घर जग्गा उपयोग वा प्राप्तिका लागि आबश्यकतानुसार नेपाल सरकारलाई सिफारिश गर्ने |

झ. दूरसञ्चार ऐन, २०५३ को दफा ५२ बमोजिम निर्देशिका बनाई लागु गर्ने |

ञ. दूरसञ्चार ऐन, २०५३ को दफा ६२ बमोजिम आवश्यक विनियम बनाई लागु गर्ने |

## दोश्रो चौमासिक (मंसिर देखि फाल्गुन मसान्त) अबधिको प्राधिकरणबाट भएका कार्यको विवरण

**१.** आर्थिक विश्लेषण शाखाले ७ वटा सेवा प्रदायकहरुको बिभिन्न १० वटा शिर्षकको महशुल दर स्वीकृत भएको जुन निम्न तालिकामा देखाईएको ।

| क्र.स | प्रस्तावको बिषय | मिति | कैफियत |
|---|---|---|---|
| १ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको SMS short code ३१०६१ को महशुलदर महशुल दर स्वीकृत गर्ने सम्बन्धमा । | २०७८/०९/१२ | स्वीकृत भएको | |
| २ | एनसेल आजियाटा लिमिटेडको Longer Validity को Voice Pack र Data pack को महशुल दर स्वीकृत गर्ने सम्बन्धमा | | २०७८/०९/१९ | स्वीकृत भएको | |
| ३ | एनसेल आजियाटा लिमिटेडको Sim Offer को महशुल दर स्वीकृत गर्ने सम्बन्धमा | | २०७८/०९/१९ | स्वीकृत भएको | |
| ४ | एनसेल आजियाटा लिमिटेडको All Network Pack र Ncell to Ncell pack को महशुल दर स्वीकृत गर्ने सम्बन्धमा | | २०७८/०९/१९ | स्वीकृत भएको | |
| ५ | गण्डकी कम्युनिकेशन प्रा.लि.को Unlimited र Dedicated ब्याण्डविद्थ को महशुलदर स्वीकृत गर्ने सम्बन्धमा | | २०७८/०९/१९ | स्वीकृत भएको | |
| ६ | एनसेल आजियाटा लिमिटेडको Enterprise को Voice Pack र Data pack को महशुल दर स्वीकृत गर्ने सम्बन्धमा | | २०७८/०९/१९ | स्वीकृत भएको | |
| ७ | नियो लिंक प्रा.लि.को इन्टर्नेट सेवाको महशुल दर स्वीकृत गर्ने सम्बन्धमा | | २०७८/०९/०५ | स्वीकृत भएको | |
| ८ | मर्कन्टाईल कम्युनिकेशन प्रा.लि.Dedicated SME प्याकेजको महशुल दर स्वीकृत गर्ने सम्बन्धमा | | २०७८/०९/१९ | स्वीकृत भएको |
| ९ | क्लासिक टेक प्रा.लि .को इन्टर्नेट सेवाको महशुल दर (Toofan Offer) स्वीकृत गर्ने सम्बन्धमा | | २०७८/०९/२६ | स्वीकृत भएको |
| १० | एवन नेटवर्क प्रा.लि .को इन्टर्नेट सेवाको महशुल दर स्वीकृत गर्ने सम्बन्धमा | | २०७८/११/३० | स्वीकृत भएको |

२ प्राधिकरणबाट जारी गरिएको अनुमतिपत्रको शर्त, दूरसञ्चार ऐन, नियमावली र बिनियमावलीहरुमा भएका व्यवस्था अनुसार देशभरिका आम उपभोक्तालाइ प्रदान गरिएको सेवा सम्वन्धमा के कस्ता गुनासो रहेका छन् भनी नेपाल दूरसञ्चार कम्पनी लि. ,एनसेल आजियाटा लि. र स्मार्ट टेलिकम प्रा.लि सँग छुट्टै मितिमा छलफल गरीएको । दूरसञ्चार सेवाका आम उपभोक्ता लगायत सरोकारवालाहरूलाई प्राधिकरणका गतिविधि, दूरसञ्चार सेवाको जानकारी, आधुनिक प्रविधिको जानकारी, तथा समसामयीक विषयमा जानकारी गराउने गरी प्राधिकरणको वार्षिक उत्सवमा स्मारीका प्रकाशन प्रयोजनको लागि लेख/रचना माग गरी संकलन गरिएको र संकलित लेख/रचनाको प्रकाशन समेत गरिएको ।

प्राधिकरणको दोश्रो चौमासिकमा आबधिमा प्राप्त भएका ८४ गुनासोको सम्बोधन गरिएको जसमा Voice सेवाको २५ र ISP को ५९ गुनासोको सम्बोधन गरिएको । जसलाई तलको तालिकामा विस्तृत रुपमा देखाईएको ।

**आ.ब २०७८/७९ को दोश्रो चौमासिकमा प्राप्त गुनासो विवरण (गुनासोको प्रकृतिको आधारमा)**

| सि.नं | गुनासोको प्रकार | गुनासो संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | **इन्टरनेट सेवा सम्बन्धी समस्या** | | | |
| | इन्टरनेट नचलेको | ५ | | |
| | इन्टरनेट स्पीड घट्बढ/इन्टरनेट सुस्त/प्याकेज/व्याण्डविथ | ३२ | | |
| | मर्मत समस्या | १ | | |
| | बिलिंग सम्बन्धीमा | ७ | | |
| | टोल फ्री नम्बर सम्बन्धमा | ५ | | |
| | राउटर समस्या | ३ | | |
| | अन्य | ७ | | |
| | **इन्टरनेट सेवा सम्बन्धी गुनासोको जम्मा** | **५९** | | |
| २ | **Voice सम्बन्धी गुनासो** | | | |
| | बिलिंग/ ब्यालेन्ससमस्या | ५ | | |
| | अन्तरआबद्धता | ३ | | |
| | नेटवर्क समस्या | ५ | | |
| | डाटा प्याकेज समस्या | ५ | | |
| | अफर | २ | | |
| | ल्याण्डलाइन समस्या | २ | | |
| | मर्मतसमस्या | १ | | |
| | अन्य | २ | | |
| | **VOiceसम्बन्धी गुनासोको जम्मा** | **२५** | | |
| **कुल जम्मा** | | **८४** | | |

३.  नेपाल दूरसञ्चार प्राधिकरणको सहकार्यमा AS SOLUTIONS प्रा.लि को आयोजकत्वमा बाग्मती प्रदेशको चितवन जिल्लामा मिति २०७८/०९/२९ गते  बढ्दो विद्युतीय फोहोर (E-waste) र व्यबस्थापनका चुनौती बिषयमा  बिषयमा  सरोकारवाला पक्ष, सेवा प्रदायक, जनप्रतिनिधि बीच एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

- नेपाल दूरसञ्चार प्राधिकरणको सहकार्यमा RK TECH SOLUTIONS प्रा.लि को आयोजकत्वमा गण्डकी प्रदेशको नवलपुर जिल्लामा २०७८/०९/३० गते दूरसंचार सेवाको गुणस्तर सम्बन्धी बिषयमा सरोकारवाला पक्ष, सेवा प्रदायक, जनप्रतिनिधि बीच एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- संघिय सांसदका माननीय सांसदज्यू , सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रतिनिधि, नेपाल दूरसञ्चार प्राधिकरणका प्रतिनिधि र सरोकारवाला पक्ष बीच “दिगो पूर्वाधार विकासको लागि Utility करिडोरको अपरिहार्यता” बिषयक दुई दिने अन्तरक्रिया कार्यक्रम मिति२०७८/११/१३ र १४ गते सम्पन्न भएको ।
- रसुवाको उत्तरगया गाँउपालिकामा “दूरसञ्चार सेवाको विकास र बिस्तारः अवसर तथा चुनौति बिषयक” एक दिने अन्तरक्रिया कार्यक्रम (मिति २०७८/११/२८ मा ) सम्पन्न भएको ।
- दूरसञ्चार सेवाको अबस्था बारे जानकारी प्रदान गर्ने उदेश्यले नियमितारुपमा प्रकाशन गरिने MIS रिपोर्ट २०७८ पौष महिनासम्मको प्रकाशन गरिएको ।

## ४. नेपाल दूरसञ्चार प्राधिकरण अनुमतिपत्र सम्वन्धीत कार्यक्रम

| क्र सं. | बिवरण | दोस्रो चौमासिक बिवरण आ.ब.२०७८/७९ को मंसिर देखि फागुन मसान्तसम्म |
|---|---|---|
| १. | दूरसञ्चार सेवा संचालन गर्न इच्छुक ब्यक्ति तथा संस्थाले दूरसञ्चार ऐन, २०५३ तथा नियमावली, २०५४ बमोजिम प्राधिकरणमा रित पुऱ्याई निबेदन दिनु पर्ने छ। उक्त निबेदन प्राधिकरण बोर्डबाट स्वीकृत भए पछी मात्र अनुमतिपत्र प्राप्त हुने व्यवस्था रहेको र बिदेशी नागरिक तथा संस्थाले लगानी गर्ने गरी दुरसञ्चार सेवा संचालन गर्ने भएमा प्राधिकरणबाट अनुमतिपत्र लिंदा कम्तिमा २० प्रतिशत नेपाली लगानी भएको हुनु पर्ने व्यवस्था रहेको छ । अनुमतिपत्र सम्बन्धी व्यवस्थाको दफा २३ बमोजिम अनुमतिपत्रको लागि निवेदन दिनु पर्नेछ । उक्त निबेदन उपर जाँचबुझ पश्चात थप बिवरण आवश्यक भएमा सो समेत माग गरी सो बिवरण समेतको जाँचबुझ गरिअनुमतिपत्र प्रदान गर्ने गरिएको छ । | **अनुमतिपत्र प्राप्त गर्ने संस्थाहरु**<br>**इन्टर्नेट (इ-मेल सहित ) सेवा**<br><br>**श्री कालिका नेट प्रा.लि.** |
| २. | यस प्राधिकरणबाट दुरसंचार सेवा संचालनको लागि अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले अनुमतिपत्रमा उल्लेख भएका कुनै बिषयलाइ संशोधन गर्नु परेमा दूरसञ्चार नियमावली २०५४को नियम १३ अनुसारको अनुसूची-८ बमोजिमको ढाँचामा निबेदन दिनु पर्ने र उक्त बिषयमा प्राधिकरण बोर्डबाट स्वीकृत भए पछी दूरसञ्चार नियमावली २०५४ को नियम १३ (२)बमोजिम प्रति संशोधन दस्तुर वापत रु.१५०००/- (अक्षेरुप पन्ध्र हजार मात्र) दाखिला गरी अनुमतिपत्रमा संशोधन गर्न सकिने व्यवस्था रहेको छ । | **अनुमतिपत्रमा संसोधन भएका संस्थाहरु**<br><br>**१. ब्रोडलिंकनेटवर्कएण्डकम्यूनिकेशनप्रा.लि. को सट्टाब्रोडलिंक नेटवर्क एण्ड कम्यूनिकेशन लि.**<br>**२. डोइन नेट प्रा.लि. को सट्टा चित्रवन युनिक नेट प्रा.लि.** |
| ३. | नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयरखरिद विक्री) विनियमावली, २०७६ मा <u>शेयर नामसारी वा खरिद विक्री गर्न सक्ने सम्वन्धी व्यवस्था रहेको छ :</u> अनुमतिपत्र प्राप्त व्यक्तिको प्रचलित कानूनको अधीनमा रही शेयर धारण गर्ने व्यक्तिले आफ्नो स्वामित्वमा रहेको शेयर देहाय बमोजिम रित | **अनुमतिपत्रमा अनुमतिपत्र प्राप्त व्यक्तिको शेयरखरिद विक्री भएका संस्थाहरु**<br><br>**१. श्री म्याक्स नेट सोलुसन प्रा.लि.**<br>**२. श्री एयरलिंक कम्युनिकेसन सर्भिस प्रोभाइडर प्रा.लि.**<br>**३. श्री श्येराप आइ.टि.सोलुसन प्रा.लि.** |

| | | |
|---|---|---|
| | पुऱ्याई नामसारी वा विक्री गर्न सक्नेछ ।<br>(क) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्ना शेरयधनीको शेयर खरिद बिक्री वा नामसारी गर्नु पूर्व प्राधिकरणको स्वीकृति प्राप्त गर्नु पर्नेछ ।<br>(ख) स्वीकृतिको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको सञ्चालक समितिको सिफारिस सहित प्राधिकरणमा आवेदन गर्नु पर्नेछ ।<br>(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले पूँजी वृद्धिको लागि थप शेयर खरिद विक्री गर्ने भएमा शेयर खरिद विक्रीको लागि साधारण सभा/विशेष साधारण सभाबाट भएको निर्णयको प्रतिलिपि समेत संलग्न गरी निवेदन दिनुपर्नेछ ।<br>(घ) शेयर खरिद विक्रिको लागि निवेदन प्राप्त भएको मिति वा थप विवरण माग गर्नुपर्ने भएमा थप विवरण प्राप्त भएको मितिले सामान्यतया १ (एक) महिना भित्र प्राधिकरणबाट शेयरखरिद विक्रीको लागि पूर्व स्वीकृति प्रदान गरिनेछ । | **४. श्री एल एन टि इन्फोटेक प्रा.लि.** |

| | | |
|---|---|---|
| ४. | दूरसञ्चार ऐन, २०५३ कोदफा(३२), दूरसञ्चार नियमावली, २०५४ को नियम (२६)बमोजिम रोयल्टी सेवा प्रदायकहरूबाट बुझाउनु पर्ने निम्न ब्यबस्था रहेको छ : (१) दफा २४ को उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले तोकीए बमोजिमको रोयल्टी नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।<br>(२) दफा २४ को उपदफा (३) र (४) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले कबुल गरे बमोजिमको रोयल्टी नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।<br>(३) नियम १० को उपनियम (५) र (६) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले गरेको बार्षिक कूल आम्दानीको चारप्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनु पर्नेछ र सो अवधि भित्र नबुझाएमा बुझाउन बाँकी रहेको रकमको दुई प्रतिशतका दरले प्रत्येक महिना थप दस्तुर लाग्नेछ ।स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "वार्षिक कुल आम्दानी"भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसंग लिएको धरौटी, सेवा कर, मुल्यअभिवृद्धि कर लगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चार सम्बन्धी उपकरणविक्री गर्दा प्राप्त हुने रकम वाहेक दूरसञ्चार सेवा प्रदान गरे वापत अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानीलाई जनाउछ ।<br>(प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना (पुष मसान्तसम्म) भित्ररोयल्टी रकम दाखिला गरिसक्नु पर्ने अन्यथा प्रत्येक महिना २% कादरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ ।<br><br>**(श्री सञ्चार तथा सूचना प्रबिधि मन्त्रालयको एभरेष्ट बैंक लि. सिंहदरवार, काठमाडौं रहेको खातानं. ००१००१०६२०००००, कार्यालय कोड नं ३५८००३५०१ तथा राजश्वशिर्षक नं १४१५९ दाखिला गरि सक्कल भौचर <u>सूचना तथा सञ्चार मन्त्रालयमा र सो को प्रतिलिपि यस प्राधिकरणमा पेश गर्नु पर्दछ)</u>** | **आ.ब.२०७७/७८ मा रोयल्टी वापत नेपाल सरकारलाइ प्राप्त भएको (यस प्राधिकरणमा भौचार सहित जानकारी प्राप्त भएका संस्थाहरुबाट प्राप्त)रकम रु. १,६५,६१,१२,२२९.७५** |

| | | |
|---|---|---|
| ५. | ग्रामीण दूरसञ्चार बिकास कोषमा रकम जम्मा गर्नुपर्नेः (१) अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक बर्ष आफूले सञ्चालन गरेको दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको दुई प्रतिशतका दरले हुने रकम विनियम ४ बमोजिमको कोषमा जम्मा गर्नुपर्ने छ ।<br>(२) उपविनियम (१) बमोजिमको रकम अनुमतिपत्र प्राप्त व्यक्तिले आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र जम्मा गर्नुपर्नेछ ।<br>(क) उपविनियम (२) बमोजिम दस्तुर जम्मा नगरेमा वा लेखापरीक्षण वित्तिय विवरण अनुसार त्यस्तो रकम नपुग देखिएको रकममा प्रत्येक महिना २ प्रतिशतका दर जरिवाना लाग्नेछ ।<br>(३) उपविनियम (२) बमोजिम रकम जम्मा गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले प्राधिकरणबाट तोकेको बाणिज्य बैंकमा रकम दाखिला गरी बुझाउनु पर्नेछ ।<br>**(यस प्राधिकरणको नविल वैंकमा रहेको खातानं. ०१०६०११७४४-०१ मा दाखिला गरी सक्कल भौचर यस प्राधिकरणमा पेश गर्नु पर्दछ)** | **आ.ब.२०७७/७८ मा ग्रामीण दूरसञ्चार बिकास कोष वापत यस प्राधिकरणमा भौचार सहित जानकारी प्राप्त भएका संस्थाहरुबाट प्राप्त रकम ।**<br><br>**रु. ८५९,०७,९९,५४.८** |
| ६. | **दूरसञ्चार ऐन, २०५३ को दफा ३५. मा निम्न बमोजिमको विदेशी विनिमय सुविधा उपलब्ध गराउने व्यवस्था रहेको**<br>(१) दूरसञ्चार सेवा प्रदान गर्नको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्न आवश्यक विदेशी मुद्रा नेपाल सरकारले प्रचलित दरभाउमा उपलब्ध गराउनेछ ।<br>(३) दूरसञ्चार सेवा सञ्चालनको लागि दूरसञ्चारसंग सम्बन्धी त विदेशी संस्थाबाट<br>सदस्यता लिंदा वा विदेशी व्यक्ति वा संस्थासंग सम्झौता गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिलाई लाग्ने विदेशी मुद्रा प्राधिकरणको सिफारिशमा नेपाल सरकारले उपलब्ध गराउनेछ । | **अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुबाट माग बमोजिम सिफारिस गरिएको बिदेशी मुद्रा सिफारिस**<br><br>**US$- 8957845.51**<br><br>**Euro-46,799.21**<br><br>**INR-77599115.44**<br><br>**CFC-3,975.00** |
| ७. | (२) दूरसञ्चार सेवा संचालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक उपकरणहरु विदेशबाट आयात | **अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुबाट माग बमोजिम विदेशबाट आयात भएका** |

| | | |
|---|---|---|
| | गर्नु पर्ने भएमा त्यसको लागि आवश्यक विदेशी मुद्रा नेपाल सरकारले प्रचलित दर भाउमा उपलब्ध गराउनेछ । | **उपकरणहरु वापत भुक्तानी सिफारिस गरिएको बिदेशी मुद्रा**<br>**US$-5256354.99**<br>**EURO-2824562.92** |

**५.** अख्तियार दूरुपयोग अनुसन्धान आयोगको पत्रबाट सुविसु केवल नेट लि . ले सुन्दरीजल क्षेत्रमा उपलव्ध गराएको इन्टरनेट सेवाको गुणस्तर सम्बन्धमा भएको गुनासो सम्बोधन गर्न स्थलगत निरिक्षण भई सेवा प्रदायक कम्पनीलाई यस्तो प्रकारको गल्ति नदोहोऱ्याउन एक पटकको लागि सचेत गराईएको ।

**६.**ग्राहकले आफनो MRTG आफै हर्न मिल्ने व्यवस्था गर्न इन्टरनेट सेवा प्रदायकहरुलाई निर्देशन दिइएकोमा ग्राहकले आफ्नो MRTG आफै हर्न मिल्ने व्यवस्था गरी विभिन्न इन्टरनेट सेवा प्रदायकहरुले प्राधिकरणमा जानकारी गराई उपलब्ध गराइएका URL विवरणहरु प्राधिकरणको वेबसाइटमा अद्यावधिक गरिएको।

**७.** साइबर सुरक्षाका लागि जनहितमा जारी सन्देशहरु साप्ताहिक रुपमा प्राधिकरणको वेबसाइटमा प्रकाशन गरिँदै आएकोमा उपरोक्त सन्देशहरुलाई एकत्रित गरी पुस्तकको रुपमा "साइबर सुरक्षाका लागि जनहितमा जारी सन्देश" नामक पुस्तक प्रकाशन गरी प्राधिकरणको २४औ वार्षिकोत्सवमा विमोचन गरी प्राधिकरणको वार्षिकोत्सव तथा World Consumer Day का सहभागीहरुलाई वितरण गरिएको ।

**८.** दूरसञ्चार सेवाको गुणस्तर सर्वेक्षणका लागि Mobile App, Web App USSD, IVR प्रणालीहरु सहितको Integrated Platform निर्माण गरी प्राधिकरणको २४औं वार्षिकोत्सवमा औपचारिक शुरुवात (Soft Launch) गरिएको । उपरोक्त मोबाइल App तथा IVR प्रयोग गर्दा लाग्ने कल तथा डाटा निःशुल्क रुपमा उपलब्ध गराउन सेवा प्रदायकहरुलाई निर्देशन दिइएको ।

**९. ब्रोडव्याण्ड ईन्टरनेट सेवा उपलव्ध गराउने परियोजनाः**

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी ब्रोडव्याण्ड सेवा उपलब्ध गराउने १८ वटा प्याकेजहरू मार्फत ७४ जिल्लाहरूका तोकिए बमोजिमका स्थानहरूमा १००% कार्य सम्पन्न भई सेवा सञ्चालनमा रहेको अवस्था छ। हालसम्म जडान कार्य सम्पन्न भई सञ्चालनमा रहेका Site हरूको विवरण यस प्राधिकरणको Website मा रहेको लिङ्क https://nta.gov.np/en/nta-rtdf-progress/ मा हेर्न सकिन्छ ।

सम्पन्न भएका परियोजनाहरू मध्ये दोश्रो चौमासिक अबधि भित्र २ वटा परियोजनाको प्राधिकरणबाट नियुक्त परामर्शदाताहरूबाट Phase III अन्तर्गतको Monitoring तथा Verification को कार्य सम्पन्न भएको, एक वटा परियोजनाको Phase I अन्तर्गतको Monitoring तथा Verification को कार्य सम्पन्न भई Phase II अन्तर्गतको Monitoring तथा Verification को कार्यको लागि परामर्शदातालाई कार्यादेश जारी गरिएको, ३ वटा परियोजनाहरूको Phase III अन्तर्गतको Monitoring तथा Verification को कार्य भई रहेको, २ वटा परियोजनाको Phase II अन्तर्गतको Monitoring तथा Verification को कार्य सम्पन्न भएको छ ।

उपरोक्त उल्लेखित ब्रोडव्याण्ड परियोजनाहरूको दोश्रो चौमासिक अबधि भित्रको संक्षिप्त भौतिक प्रगति विवरण यस प्रकार रहेको:

| विवरण | स्थानीय निकायको कार्यालय | वडा कार्यालय | माध्यमिक विद्यालय | स्वास्थ्य संस्थाको संख्या | कुल |
|---|---|---|---|---|---|
| सम्झौता भएका १८ प्याकेजका साईट संख्या | ७०६ | ५,९३३ | ५,२९९ | ४,२३७ | १६,१७५ |
| हालसम्म इन्टरनेट जडान सम्पन्न भएको | ७०६ | ५,८९९ | ५,२९९ | ४,२३७ | १६,१४१ |
| दोश्रो चौमासिक अबधि भित्र इन्टरनेट जडान सम्पन्न भएको | ३० | २४६ | २९६ | २२० | ७९२ |
| जडान गर्न बाँकी संख्या | ० | ३४ | ० | ० | ३४ |
| इन्टरनेट जडान सम्पन्न प्रतिशत (%) | १०० | ९९।४३ | १०० | १०० | ९९।७९ |

**१०. मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमूकाम जोड्ने सूचना महामार्गः**

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई तीनवटा प्याकेजहरू मार्फत अगाडी बढाइएको छ ।

**क) प्याकेज १ (प्रदेश नं. १, मधेश प्रदेश र बागमती प्रदेश)**: नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजबाट हालसम्म १२३० कि. मि. अप्टिकल फाईबर बिछ्याउने कार्य, २७ वटा DWDM System हरूको जडान भई Cluster 1 को सम्पुर्ण १३ साईटहरूको Migration सम्पन्न भई Issues Resolution को कार्य भइरहेको र Cluster 2 को १३ मध्ये १० साईटहरूको Commissioning को कार्य सम्पन्न भएको । ४७ वटा Core Router Equipment हरूको जडान कार्य सम्पन्न भइ Final Acceptance Certificate (FAC) जारी हुने प्रक्रियामा रहेको ।

**ख) प्याकेज २ (गण्डकी प्रदेश र लुम्बिनी प्रदेश)**: श्री युनाइटेड टेलिकम लि. ले २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजको सम्झौता बमोजिम कार्यको प्रगति शुन्य रहेको हुँदा आयोजना सम्पन्न हुनेमा प्राधिकरण विश्वस्त नभएकोले सम्झौताको म्याद थप नगर्ने निर्णय भएको। उक्त निर्णय बदर गर्नको लागि सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको र सो विषयमा सर्वोच्च अदालतबाट उक्त रिट निवेदनको टुङ्गो नलागेसम्म अवधी थप नगर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश भएको ।

| विवरण | प्याकेज १ (प्रदेश नं. १, २ र बागमती प्रदेश) | प्याकेज २ (गण्डकी प्रदेश ४ र लुम्बिनी प्रदेश ) | प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश) |
|---|---|---|---|
| सम्झौता बमोजिम अप्टिकल फाइबरको दूरी (कि. मि.) | २,१७९* | २,१६० | १,९९२ |
| हालसम्म सम्पन्न अप्टिकल फाइबरको दूरी (कि. मि.) | १२३० | X | २४० |
| दोश्रो चौमासिक अबधि भित्र सम्पन्न अप्टिकल फाइबरको दूरी (कि. मि.) | २१५.१२८ | X | २४० |
| हालसम्मको अप्टिकल फाइबर बिछ्याउने कार्यको प्रगति (प्रतिशत) | ५६.४५% | X | १२.०४८% |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने उपकरण सम्बन्धी विवरणः | | | |
| १. DWDM System | २६(+२ जगेडा) | २१ | २८ |
| २. Core Router Equipment | ४८ | ७३ | ५६ |
| हालसम्म जडान गरिएको उपकरण सम्बन्धी विवरणः | | | |
| १. DWDM System | २७** | X | २२ |
| २. Core Router Equipment | ४७ | | X |
| दोश्रो चौमासिक अबधि भित्र जडान गरिएको उपकरण सम्बन्धी विवरणः | | | |
| १. DWDM System | X | X | ८ |
| २. Core Router Equipment | X | X | X |

**ग) प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश)ः** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ। उक्त कार्यको लागि ADSS को सामान आपूर्ति भइ २४० कि.मि. ADSS जडान कार्य सम्पन्न भएको। High Capacity DWDM उपकरण अन्तर्गत २२ वटा स्थानहरूमा जडान सम्पन्न भइ १६ site हरूको Acceptance Test (AT) कार्य जारी रहेको र Core Router उपकरणको Technical site survey Report पेश भइ जडान कार्य सुरु हुने प्रक्रियामा रहेको । साथै Microwave Transmission Network को LC Opening हुने क्रममा रहेको | Optical Fiber Network(UG) Package १ & २ को लागि LOA जारी भएको र Package ३ को लागि LOI जारी भई सम्झौताको प्रक्रियामा रहेको ।

उपरोक्त सूचना महामार्ग निर्माण गर्ने परियोजनाहरूको दोश्रो चौमासिक अबधि भित्रको संक्षिप्त भौतिक प्रगति विवरण यस प्रकार रहेकोः

* सेवा प्रदायकबाट Detail Implementation Plan भए पश्चात २०८३.५५१ कि.मि. मात्र हुन आएको ।

** सेवा प्रदायकले जगेडाको रुपमा रहेको २ थान DWDM Test Bench को रुपमा पोखरा र बुटवलमा जडान गरेको ।

**११. तोकिएका स्थानहरूमा कम्तिमा 20 Mbps क्षमताको Non-Dedicated ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्ने कार्यक्रम सम्बन्धमाः**

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरू मध्ये भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) का सबै स्थानिय तहको कार्यालयहरू, वडा कार्यालयहरू, सामुदायिक माध्यमिक विद्यालयहरू, सामुदायिक स्वास्थ्य संस्थाहरूमा क्षमता अभिवृद्धि गर्न र जडान गर्न र सम्पूर्ण आधारभुत विद्यालयहरू गरी करिब ४,२५१ स्थानहरूमा कम्तिमा 20 Mbps क्षमताको Non-Dedicated ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान गरी २ बर्ष सम्मको लागि महशुल बापतको रकम उपलब्ध गराउने कार्यको लागि सम्बन्धीत गाउँपालिका/नगरपालिकाहरूसंग समझदारी-पत्रमा हस्ताक्षर गरी कार्य अगाडी बढाइएकोमा हालसम्ममा कुल ७६ मध्ये ७२ गाउँपालिका/नगरपालिकाहरूसंग समझदारी-पत्रमा हस्ताक्षर भईसकेको । दोश्रो चौमासिक अबधि भित्र एक पालिकासंग समझदारी-पत्रमा हस्ताक्षर भएको।

साथै भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू र काठमाडौं उपत्यका बाहेकका ६६ जिल्लाहरूका सम्पूर्ण सामुदायिक आधारभुत विद्यालयहरूमा कम्तिमा 20 Mbps क्षमताको Non-Dedicated ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्न कार्यक्रम अघि बढाइएकोमा कुल ६५६ मध्ये २८८ स्थानीय तहहरूसंग समझदारी-पत्रमा हस्ताक्षर भईसकेको। दोश्रो चौमासिक अबधि भित्र २१ पालिकासंग समझदारी-पत्रमा हस्ताक्षर भएको।